# प्रसौनी गाउँसभाको बैठकमा २०७५ पौष २८ गते शनिबारका दिन बजेट तर्जुमाका संयोजक गिता साहले प्रस्तुत गर्नु भएको

## आर्थिक वर्ष ०७५/७६ को तेस्रो संशोधित बजेट बक्तव्य

प्रसौनी गाउँपालिका

गाउँकार्यपालिका, प्रसौनी बारा

२०७५

तेस्रो गाउँसभाबाट पारित मिति २०७५/०९/२८

प्रमाणिकरण मिति २०७५/०९/२९

गाउँसभाका सम्मानिय अध्यक्ष महोदय ,

१.प्रसौनी गाउँकार्यपालिका बजेट तर्जुमा समितीका संयोजकका हैसियतले यस सम्मानित सभा समक्ष तेस्रो तथा आर्थिक वर्ष २०७५/७६ दोस्रो निति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । त्यसैगरी राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने महान नेपाली तथा मधेशी नागरिक र त्यसको सवल एवम् सक्षम नेतृत्व गर्नुहुने नेपाली तथा मधेशी राजनीतिक शिखर व्यक्तित्वप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

२. तेस्रो तथा आर्थिक वर्ष २०७५/७६ दोस्रो बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानिय सरकार संचालन ऐन २०७४ तथा विनियोजन विधेयक २०७५ को सिद्धान्त र प्राथमिकता नेपाल सरकार तथा प्रदेश सरकारको निति तथा कार्यक्रम चालु आवधिक योजना, दिगो विकास लक्ष्य,संचित कोषमा मौज्दात रहेको रकम तथा भैपरी पुँजिगत खर्चमा रहेको रकम र गाउँसभा सदस्यहरुले दिनुभएको सुझावहरुलाई मार्गदर्शनको रुपमा लिइएको छु । विभिन्न राजनितिक दल, संघ संस्था,विद्धवत वर्ग, लक्षित वर्गबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएको छु ।

सम्मानिय अध्यक्ष महोदय,

अब म तेस्रो तथा आर्थिक वर्ष २०७५/७६ को दोस्रो गाउँसभाको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न चाहन्छु ।

**शिक्षा**

१.प्रसौनी गाउँपालिका अन्तर्गतका निम्न माध्यमिक तथा माध्यमिक विधालयहरुमा नियमित पठनपाठन तथा अनुगमन, सुपरिवेक्षणका लागी यसै आर्थिक बर्षमा विधुतीय हाजिरीको व्यवस्था गरिनेछ ।

२.सामुदायिक विधालयहरुमा विधार्थीहरुको शारिरीक तथा मानसिक विकासका लागि विभिन्न खेलकुद सामग्रीहरु वितरण गरिनेछ ।

३.प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न प्रसौनी गाउँपालिका वडा नं.२ अन्तर्गत दुधौरा खोला नजिक रहेको सार्वजनिक जग्गामा प्राविधिक शिक्षालय खोल्न प्रदेश तथा केन्द्र सरकार समक्ष पहल अगाडी बढाईएकोमा त्यसलाई निरन्तर रुपमा पहल गरिनेछ । र कम्प्युटर शिक्षा अनिवार्य गरी यस आर्थिक वर्ष श्री ने.रा. मा.वि., बेलहियालाई कम्प्युटर हस्तानान्तर गर्न आवश्यक रकम विनियोजन गरेको छु । साथै प्रत्येक सामुदायिक विद्यालयलाई ल्यापटप तथा प्रोजेक्टर माध्यमको माध्यमबाट पठनपाठनको व्यवस्था गरिनेछ ।

४.सामुदायिक विधालयबाट एस.ई.ई. परीक्षामा उत्कृष्ट अंक हाशिल गर्ने छात्राहरुलाई छात्रबृति प्रदान गर्न रु.एक लाख विनियोजन गरिएकोमा उक्त शीर्षकमा रु. एक लाख पँचास हजार थप गरी रु. दुई लाख पँचास हजार विनियोजित गरेको छु । साथै कक्षा ८ को बार्षिक परीक्षामा टँप गर्ने ५ जना छात्रा र ५ जना छात्रलाई जनही रु.५,०००।- प्रोत्साहन छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाएको छु ।

५.प्रसौनी गाउँपालिका वडा नं.७ बलुवा टोलमा प्राथमिक विद्यालय संचालन गर्न प्रदेश तथा केन्द्र सरकारसँग आवश्यक पहल गरिनेछ ।

## युवा तथा खेलकुद

६.बालबालिका तथा युवाहरुको शारिरीक तथा मानसिक विकासका लागि खेलकुदमा जोड दिँदै आवश्यक खेलकुद सामग्री वितरण गर्नुका साथै खेलकुद प्रशिक्षण नियुक्त गरिनेछ ।

७. खेलकुदको विकास गर्न प्रसौनी गाउँपालिका खेलकुद विकास समिति गठन गरी संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८."हर हाथ मे नयाँ सीप शिक्षित प्रसौनी विकसित प्रसौनी" अन्तर्गत सीप विकास तालिम प्रशिक्षण केन्द्र स्थापना तथा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । साथै यसको प्राभवकारी संचालनको लागी प्रदेश, केन्द्र सरकारसँग तथा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट आवश्यक बजेट माग गरिनेछ ।

## स्वास्थ्य

९.प्रसौनी गा.पा.वडा नं. ६ गोइठइ टोल नजिक पर्ने कित्ता नं. ५० क्षेत्रफल २ बिघा ३ कट्ठाको जग्गा मध्ये दक्षिण पुर्व तर्फ १५ कट्ठा जग्गामा १५ शैया भएको अस्पताल संचालनका लागि डि.पी. आर. तयार गरी केन्द्र तथा प्रदेश सरकार समक्ष बजेट व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

१०.प्रसौनी गा.पा.वडा नं.२,३,५र ६ मा स्वास्थ्य सेवा संचालन अनिवार्य गर्न आवश्यक पहल गरिनेछ । साथै स्वास्थ्य उपचारमा सहजताका लागि एमबुलेन्स सेवा यसै आर्थिक वर्ष संचालन गरिनेछ ।

११.अध्यक्ष जीवन रक्षा कार्यक्रम अन्तर्गत रक्तदान कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै नि:शुल्क आँखा आँपरेशन कार्यको लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१२.आमा र बच्चाको पोषण सुनिश्चित गर्नप्रसौनी स्वास्थ्य चौकी अन्तर्गत रहेको बर्थिंग सेन्टरमा छोरा जन्मे रु.१,०००।- र छोरी जन्मे रु.२,०००।-पोषण भत्ता उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## कृषि

१३.कृषि उपजहरुको आर्गेनिक उत्पादन गर्ने कार्य लाई प्राथमिकता दिइनेछ । कृषकहरुलाई आँरगेनिक मल तथा बीउविजन ५० प्रतिशत अनुदानमा उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु ।

## वन ,वातावरण तथा सरसफाई

१४.स्वच्छ, हराभरा र प्रदुषण मुक्त गाउँपालिका बनाउन सरसफाई तथा वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

खानेपानी

१५.सबैलाई आधारभुत तथा स्वच्छ खानेपानी उपलब्ध गराउनका लागि ह्यान्ड पम्प (चापाकल) वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

महिला , बालबालिका तथा जेष्ट नागरिक

१६.एकल / विधवा महिलाहरुको मनोबल, मर्यादा, सिप र क्षमता बढाउन क्षमता विकास तथा सामग्री वितरण कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

उधोग

१७.यस प्रसौनी गाउँपालिकाभित्र संचालित व्यवसाय, कलकरखानाहरुको गाउँ कार्यपालिकाको कार्यालयमा व्यवसाय दर्ता तथा नविकरणको लागि आवश्यक पहल गरिनेछ ।

आवास, भवन र पुर्वाधार

१८.नागरिकको मौलिक हकमा रहेको सुरक्षित आवस सुनिश्चित गर्न गरिबीको रेखा मुनी रहेका १४ घर परिवारहरुलाई सुरक्षित आवस निर्माण गरी हस्तानान्तरण गर्न रु ४२ लाख विनियोजन गरिएकोमा उक्त शीर्षकमा रु.१४ लाख थप गरी रु.५६ लाख विनियोजन गरेको छु । र यस लाई आगामी वर्षहरुमा निरन्तरता गरिनेछ ।

१९. भवन निर्माण कार्य गर्न अनिवार्य रुपमा नक्सा पास गराई निर्माण गर्नुपर्ने छ र यसलाई कडाई का साथ लागु गरिनेछ । साथै यस गांउँपालिकाभित्र पुर्वाधार तयार भईसकेका घरहरुको नक्सा २०७५ आषाढ मसान्त सम्म पास गराउँदा ९० प्रतिशत राजश्वमा छुटको व्यवस्था गरेको छु ।

२०.शान्ति सुरक्षाको प्रत्याभुति गर्नका लागी प्रसौनी गाउँपालिका वडा नं.२ दुधौरा खोला किनारा नजिक रहेको सशस्त्र प्रहरी बल बेस क्याम्पको भवन निर्माण गर्नका लागी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

कानुन तथा न्याय

२१.स्थानीय तहमा हुने न्यायिक प्रक्रियालाई सहज रुपमा सम्पादन गर्न न्यायिक समितिको क्षमता विकासको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

कर्मचारी व्यवस्थापन

२२.कार्यालय समय बाहेक विहान बेलुका गाउँसभाको तयारीमा खट्नु भएका पदाधिकारी तथा कर्मचारीहरुलाई एक महिना बराबर बराबरको तलब थप सुविधा उपलब्ध गर्न व्यवस्था मिलाएको छु ।

२३.प्रसौनी गाउँ कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारीहरु कार्यालय समय बाहेक बिहान बेलुका काम गरे वापत कर्मचारीहरुको मनोबल उच्च राख्न आ.व.०७५।०७६ साउन १ गतेदेखि लागु हुने गरी कर्मचारीहरुले खाईपाई आईरहेको तलब स्केलको १५ प्रतिशत रकम स्थानीय प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छु ।

**सम्मानीय अध्यक्ष महोदय,**

२४.अब म माथिको क्षेत्रगत निती तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

२५. आर्थिक वर्ष २०७५/०७६ को तेस्रो नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गत आ.व. ०७४।०७५ मा खर्च भई दोस्रो गाउँसभामा समावेश नभएको मुल संचित कोषको अल्या. रु.६८ लाख ९८ हजार तथा आ.व. ०७५।०७६ मा भैंपरी पुँजिगत शीर्षकमा विनियोजित १ करोड २५ लाखबाट रु. ७५ लाख ६९ हजार ४ सय २५ रकम र रु.४७ लाख बराबरको योजना तथा कार्यक्रम संशोधित गरी आय अनुमान गरेको छु ।

यस सम्मानित सभामा मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटमा आवश्यक छलफल गर्न फ्लोर खुला गर्दछु । साथै ताली बजाएर नीति तथा कार्यक्रम र बजेट पारित गरिदिन हुन अनुरोध गर्दछु ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

प्रस्ताव नं. १ सँग सम्बन्धित

गत आ.व. ०७४।०७५ मा खर्च भई दोस्रो गाउँसभामा समावेश नभएको मुल संचित कोषको अल्या रु.६८ लाख ९८ हजार तथा भैंपरी पुँजिगत शीर्षकबाट रु. ७५ लाख ६९ हजार ४ सय २५ को आयोजना तथा कार्यक्रम संचालन गर्ने तथा भैंपरी पुँजिगत शीर्षकमा बाँकी रहेको रु.४९ लाख ३० हजार ५ सय ७५ रकमलाई गाउँ कार्यपालिकाको निर्णयबाट योजना तथा कार्यक्रम संचालन गर्ने गरी यस प्रसौनी गाउँपालिकाको दोस्रो गाउँसभाबाट मिति २०७५।०३।०८ गते पारित भएका योजना तथा कार्यक्रमका केही बुँदाहरुमा संशोधनं तथा थपघट गरी केही नयाँ योजना तथा कार्यक्रमहरु थप गरिएका छन् ।

## आ.व.२०७५/०७६ तेस्रो गाउँसभाबाट संशोधित तथा थपघट भएको गाउँपालिका स्तरीय आयोजना

| क.सं. | आयोजनाको नाम | विनियोजित रकम | थप | घट | संशोधित विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | वडा नं.२ खुर्सेद चुरीहारको घरदेखि मेनरोडसम्मको अधुरो रहेको नाला निर्माण | - | १०,००,०००।- | - | १०,००,०००।- | |
| २. | प्रसौनी गाँउपालिका वडा नं.२ को अहिरवाटोलमा रहेको मस्जिद निर्माण | २,००,०००।- | १,००,०००।- | - | ३,००,०००। | |
| ३. | वडा नं.२ मेनरोडबाट नारायण जीको मिल पछाडी हुँदै समुलाह मियाँको घर सम्मको सडक ढलान | २,००,०००।- | २,००,०००।- | - | ४,००,०००।- | |
| ४. | वडा नं.२ भोला सरको मिल देखि सन्तलालको घर हुँदै ग्रेबल सडकसम्म र शिव मन्दिर सम्म नाला मर्मत तथा सडक ढलान | ५,००,०००।- | ५,००,०००।- | - | १०,००,०००।- | |
| ५. | प्रसौनी गा.पा. वडा नं.२ मा व्यायामशाला भवन निर्माण | ३,५०,०००।- | १,००,०००।- | - | ४,५०,०००।- | |
| ६. | अति बिपन्न वडा नं.३ का हिरामन भगतलाई आबास हस्तनान्तरण | ३,००,०००।- | १,००,०००।- | - | ४,००,०००।- | |
| ७. | अति बिपन्न आबास योजना शीर्षक अन्तर्गत १४ जना बिपन्न परिवारलाई आबास निर्माण | ४२,००,०००।- | १४,००,०००।- | - | ५६,००,०००।- | |
| ८. | वडा नं. ४ को रामजानकी मन्दिरको पर्खाल निर्माण | - | ५०,०००।- | - | ५०,०००।- | |
| ९. | प्रसौनी गाउँपालिका अन्तर्गतका वडाहरुमा ह्युप पाईप जडानको लागी ह्युप पाईप खरिद | - | ५,००,०००।- | - | ५,००,०००।- | |
| १०. | वडा नं. ३ अन्तर्गत बद्री जीको घर नजिक चौतारा निर्माण | - | १,००,०००।- | - | १,००,०००।- | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | वडा नं. ३ अन्तर्गत सुरेश साह कानुको घरदेखि मोहन साह कानुको घरसम्म सडक ढलान | - | २,५०,०००।- | - | २,५०,०००।- | |
| १२. | वडा नं.४ धनचन साहको घरदेखि मनोज साहको घरसम्म नाला निर्माण | - | २,००,०००।- | - | २,००,०००।- | |
| १३. | वडा नं. ५ अन्तर्गत किशोरी साहको घर देखि राजु साहको घरसम्म सडक ढलान | - | ५,००,०००।- | - | ५,००,०००।- | |
| १४. | प्रसौनी गा.पा वडा नं.२ अन्तर्गत श्री बेंगा साह मा.वि. नजिक रहेको रामजानकी मन्दिर अगाडीको पर्खाल निर्माण | - | १,००,०००।- | - | १,००,०००।- | |
| १५. | प्रसौनी गा.पा.वडा नं.२ दुधौरा खोला किनारा नजिक रहेको सशस्त्र प्रहरी बल बेस क्याम्पको भवन निर्माण | - | १०,००,०००।- | - | १०,००,०००।- | |
| १६. | भोला सरको घर हुँदै अहिरवाटोल जाने बाटो मर्मत | - | १,००,०००।- | - | १,००,०००।- | |
| १७. | प्रसौनी गा.पा. वडा नं.१ स्थित नकटुवा टोलमा रहेको मस्जिद निर्माण तथा मर्मत | - | २,००,०००।- | - | २,००,०००।- | |
| १८. | प्रसौनी गाउँपालिका अन्तर्गतका वडाहरुमा ह्युप पाईप जडानकार्य गर्न | - | २,००,०००।- | - | २,००,०००।- | |
| १९. | अति विपन्न १५० घरपरिवारलाई ग्याँस चुल्हो र सिलिण्डर वितरण | ८,२५,०००।- | १२५,०००।- | - | ९,५०,०००।- | |
| २०. | लोक सेवा कक्षामा पुस्तक वितरण | - | २,००,०००।- | - | २,००,०००।- | |
| २१. | सामुदायिक विद्यालयका बाल कक्षामा कार्पेट खरिद गरी हस्तान्तरण | - | १,५०,०००।- | - | १,५०,०००।- | |
| २२. | क्षेत्रीय सडक देखि डिहटोल जाने अधुरो सडक ढलान | १०,००,०००।- | - | २,००,०००।- | ८,००,०००।- | |
| २३. | वडा नं. ४ को मनोज साहको घर अगाडीको ईनार व्यवस्थापन | - | ५०,०००।- | - | ५०,०००।- | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४. | रक्तदान कार्यक्रम (अध्यक्ष जीवन रक्षा कार्यक्रम) | १,५०,०००।- | १,५०,०००।- | - | ३,००,०००।- | |
| २५. | प्रसौनी गा.पा.मा एस.ई.ई. टपर्स जेहेन्दार ५ जना छात्रा र ५ जना छात्रलाई छात्रबृति कार्यक्रम | १,००,०००।- | १५०,०००।- | - | २,५०,०००।- | |
| २६. | नि:शुल्क आँखा आँपरेशन | - | ५,००,०००।- | - | ५,००,०००।- | |
| २७. | बिभिन्न वडामा रिंग शौचालय निर्माण | - | १,५०,०००।- | - | १,५०,०००।- | |
| २८. | वडा नं.१ प्रसौनी स्वास्थ्य चौकी अन्तर्गत रहेको बर्थिंग सेन्टरमा छोरा जन्मे रु.१,०००।- (एक हजार) र छोरी जन्मे रु.२,०००।-(दुई हजार) पोषण भत्ता वितरण | - | ३,००,०००।- | - | ३,००,०००।- | |
| २९. | प्रसौनी गाउँपालिका अन्तर्गत रहेको सामुदायिक बिद्यालयबाट कक्षा ८ को बार्षिक परीक्षामा टप गर्ने ५ जना छात्रा तथा ५ जना छात्रलाई जनही रु.५,०००।- (पाँच हजार) प्रोत्साहन छात्रबृति वितरण | - | ५०,०००।- | - | ५०,०००।- | |
| ३०. | आरगेनिक मल खरिद गरी ५० प्रतिशत अनुदानमा बितरण | - | ५,००,०००।- | - | ५,००,०००।- | |
| ३१. | प्रसौनी गाउँपालिका खेलकुद विकास समिति गठन गरी संचालन | - | १,००,०००।- | - | १,००,०००।- | |
| ३२. | गा.पा.स्तरीय किशोरीहरुको लागी तालिम तथा प्याड वितरण | ३,००,०००।- | १,००,०००।- | - | ४,००,०००।- | |
| ३३. | प्रसौनी गा.पा.न्यायिक समितिको क्षमता विकास कार्यक्रम | - | ३,००,०००।- | - | ३,००,०००।- | |
| ३४. | सफ्टवेयर खरिद | - | ३,००,०००।- | - | ३,००,०००।- | |
| ३५. | लोक सेवा कक्षा संचालन | २,००,०००।- | २,००,०००।- | - | ४,००,०००।- | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६. | एकल विधवा महिलाको क्षमता विकास तथा सामग्री वितरण कार्यक्रम | | | | | |
| | क) वडा नं. १ अन्तर्गत | - | २,००,०००।- | - | २,००,०००।- | |
| | ख) वडा नं. २ अन्तर्गत | - | २,००,०००।- | - | २,००,०००।- | |
| | ग) वडा नं. ३ अन्तर्गत | - | २,००,०००।- | - | २,००,०००।- | |
| | घ) वडा नं. ४ अन्तर्गत | - | ३,००,०००।- | - | ३,००,०००।- | |
| | ङ) वडा नं. ५ अन्तर्गत | - | २,००,०००।- | - | २,००,०००।- | |
| | च) वडा नं. ६ अन्तर्गत | - | २,००,०००।- | - | २,००,०००।- | |
| | छ) वडा नं. ७ अन्तर्गत | - | ३,००,०००।- | - | ३,००,०००।- | |
| ३७. | "सहिद परिवारका लागि आयआर्जन कार्यक्रम" लाई संशोधन गरी " वडा नं.३ का २ सहिद परिवारलाई चेक मार्फत नगद हस्तान्तरण गर्ने " कायम गरिएको | ५०,०००।- | - | - | ५०,०००।- | |
| ३८. | "महिला अभिमुखि कार्यक्रम" लाई संशोधन गरी "महिला सशक्तिकरण अभियान" कायम गरिएको | १,००,०००।- | २५०,०००।- | - | ३,५०,०००।- | |
| ३९. | गा.पा.भरीका सार्वजनिक जग्गा तथा अनुदानमा वृक्षारोपण कार्यक्रम | १०,००,०००।- | - | ५,००,०००।- | ५,००,०००।- | |
| ४०. | ढल व्यवस्थापन तथा नाला सरसफाई | १०,००,०००।- | - | ५,००,०००।- | ५,००,०००।- | |
| ४१. | श्रोत परिचालन(विउ पुँजिको रुपमा) | ५,००,०००।- | - | ५,००,०००।- | - | |
| ४२. | स्वरोजगार कार्यक्रम | १०,००,०००।- | - | १०,००,०००।- | - | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४३. | "श्री जनता माध्यमिक विधालय बन्जरियाका मर्मत सम्भार" लाई संशोधन गरी "जनता माध्यमिक विधालयको अधिनमा रहेको सोहरी पोखरीको विस्तार कार्य "मा योजना परिवर्तन | २,००,०००।- | - | - | २,००,०००।- | |
| ४४. | दुधौरा पुलको दक्षिणमा पिकनिक स्पोर्ट | ५,००,०००।- | - | ५,००,०००।- | - | |
| ४५. | दुधौरा पुलको दक्षिणमा बाल उद्यान | ५,००,०००।- | - | ५,००,०००।- | - | |
| ४६. | हर हाथ मे नयाँ सीप शिक्षित प्रसौनी विकसित प्रसौनी अन्तर्गत युवा विकास सीप तालिम प्रशिक्षण केन्द्र स्थापना तथा संचालन | - | ४,००,०००।- | - | ४,००,०००।- | |
| ४७. | सामुदायिक विद्यालयका विधार्थीहरुलाई खगोल सम्बन्धी जानकारीको लागि कार्यक्रम संचालन गर्ने | - | २,५०,०००।- | - | २,५०,०००।- | |
| ४८. | राईजिङ्ग सन बोर्डिङ्ग स्कुल सडकको नजिकमा कल्भर्ट तथा माटो पुर्ने कार्य | ३,००,०००।- | २,००,०००।- | - | ५,००,०००।- | |
| ४९. | सामुदायिक विद्यालय अन्तर्गत विभिन्न परीक्षा संचालन गर्ने कार्य | - | २,००,०००।- | - | २,००,०००।- | |
| ५०. | श्री बेंगा साह मा.वि.देखि चण्डीमाई जाने बाटो मर्मत | - | १,००,०००।- | - | १,००,०००।- | |
| ५१. | वडा नं. ३ स्थित ईलाका प्रहरी कार्यालयमा शौचालय मर्मत | ५०,०००।- | ५०,०००।- | - | १,००,०००।- | |
| ५२.. | "प्रष्टोका बंजारदेखि बेलहिया तिर जाने ढलान वडा नं.६"लाई संशोधन गरी "प्रष्टोका चौकदेखि बेलहिया तिर जाने ढलान वडा नं.५ र ६" कायम गर्ने | २०,००,०००।- | - | - | २०,००,०००।- | |

| | | |
|---|---|---|
| ५३. | **प्रसौनी गाउँपालिकाको आ.व.०७५/०७६ को गाउँपालिका स्तरीय तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरुमा एकमुष्ट रकम विनियोजन गरिएकोमा उक्त योजना तथा कार्यक्रमहरुलाई निम्नानुसार ब्रेक डाउन गर्ने ।** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १. सामाजिक विकास शिक्षा अन्तर्गत कम्प्युटर/प्रोजेक्टर तथा खेलकुद सामग्री खेलकुद सामग्री हस्तान्तरण कार्यक्रम तर्फ विनियोजन गरिएको रकम रु.२५,००,०००।- (पच्चीस लाख) को लागी | | | | | |
| | क) श्री ने.रा.मा.वि., बेलहियालाई कम्प्युटर खरिद गरी हस्तान्तरण | २५,००,०००।- | - | - | ५,००,०००।- | |
| | ख) प्रत्येक सामुदायिक विद्यालयलाई कम्प्युटर (ल्यापटप) तथा प्रोजेक्टर हस्तान्तरण | | - | - | ११,००,०००।- | |
| | ग) प्रत्येक सामुदायिक विद्यालयहरु विधुतीय माध्यमबाट पठनपाठन गर्नका लागी प्रोगाम खरिद | | - | - | ४,००,०००।- | |
| | घ) सामुदायिक विद्यालयहरुमा खेलकुद सामग्री हस्तान्तरण | | - | - | ५,००,०००।- | |
| | २. सामाजिक विकास अन्तर्गत खानेपानी सरसफाई कार्यक्रम तर्फ विनियोजन गरिएको रकम रु.१५,००,०००।-(पन्ध्र लाख) को लागी | | | | | |
| | क) खानेपानी चापाकल खरिद | १५,००,०००।- | - | - | ८,००,०००।- | |
| | ख) सरसफाई कार्यक्रम | | - | - | ७,००,०००।- | |
| | ३. सुशासन तथा संस्थागत विकास अन्तर्गत कार्यालय भवन निर्माण व्यवस्थापन तथा सि.सि.टि.भी.जडान कार्यक्रमको लागी विनियोजन गरिएको रकम रु.१०,००,०००।-(दश लाख) को लागी | | | | | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | क) कार्यालय भवन व्यवस्थापन | १०,००,०००।- | - | - | ५,००,०००।- | |
| | ख) सि.सि.टि.भी. जडान | | - | - | ५,००,०००।- | |
| | ४. सुशासन तथा संस्थागत विकास अन्तर्गत गा.पा. स्तरीय फ्री वाई फाई शीर्षकमा विनियोजन गरिएको रकम रु.७,००,०००।-(सात लाख) को लागी | | | | | |
| | क) फ्री वाई फाईको ईक्ट्रोनिक्स समानहरु खरिद | ७,००,०००।- | - | - | ४,००,०००।- | |
| | ख) फ्री वाई फाईको Surveying and installation charges | | - | - | ३,००,०००।- | |
| | ५. वडागत बिजुली कार्यक्रम तथा सोलार जडान शीर्षकमा विनियोजन गरिएको रकम रु.१५,००,०००।-(पन्ध्र) को लागी | | | | | |
| | क) वडागत विधुतीय सामग्री (स्टेन,बल्ब,एम.सि.बि.,स्वीच,तार लगायत) खरिद | १५,००,०००।- | - | - | ५,००,०००।- | |
| | ख) वडागत सोलार जडान | | - | १०,००,०००।- | | |
| | **कुल जम्मा** | २,२७,२५,०००।- | १,२९,७५,०००।- | ४७,००,०००।- | ३,१०,००,०००।- | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

| क.सं. | आयोजनाको नाम | विनियोजित रकम | थप | घट | संशोधित विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पुँजिगत खर्च अन्तर्गत भैंपरी पुँजिगत खर्च शीर्षकबाट गाउँकार्यपालिकाको निर्णय बमोजिम खर्च भएका तपसिलमा उल्लेखित योजनाहरुलाई गाउँ सभाबाट अनुमोदन गर्ने निर्णय गरियो । | | | | | |
| | क) वडा नं.६ अन्तर्गतको टुटफुट भएको बाटो मर्मत | - | २५,४२५।- | - | २५,४२५।- | |
| | ख) वडा नं.२ अन्तर्गतको नाला सरसफाई | - | ५०,०००।- | - | ५०,०००।- | |
| | ग) वडा नं.१ र २ अन्तर्गतको टुटफुट भएको बाटो मर्मत | - | १,००,०००।- | - | १,००,०००।- | |
| | घ) वडा नं.४ अन्तर्गतको टुटफुट भएको बाटो मर्मत | - | ५०,०००।- | - | ५०,०००।- | |
| | ङ) वडा नं.५ र ६ अन्तर्गतको टुटफुट भएको बाटो मर्मत | - | ८०,०००।- | - | ८०,०००।- | |
| | च) सीताराम नाम जप महायज्ञमा सरसफाई | - | १,५०,०००।- | - | १,५०,०००।- | |
| | छ) सीताराम नाम जप महायज्ञमा नि:शुल्क स्वास्थ्य शिविर संचालन | - | २,०५,०००।- | - | २,०५,०००।- | |
| | ज) सीताराम नाम जप महायज्ञमा सि.सि.टि.भी. जडानबाट निगरानी कार्य | - | ९९,०००।- | - | ९९,०००।- | |
| | झ) सीताराम नाम जप महायज्ञमा इंटरनेट जडान | - | १५,०००।- | - | १५,०००। | |
| | ञ) वडा नं.१,२ र ६ अन्तर्गतको टुटफुट भएको बाटो मर्मत | - | ८०,०००।- | - | ८०,०००।- | |
| | ट) गाउँकार्यपालिका कार्यालयमा ढलान तथा बाटो मर्मत | - | ५,००,०००।- | - | ५,००,०००।- | |
| | ठ) गत आ.व.मा कम्प्युटर सम्बन्धी तालिम संचालन भई भुक्तानी बाँकी रहेकोमा चालु आ.व.मा भुक्तानी भएको | - | १,५०,०००।- | - | १,५०,०००।- | |
| | ड) सीताराम नाम जप महायज्ञमा गाउँकार्यपालिका कार्यालय अगाडी निर्मित स्वागत गेट | - | ४०,०००।- | - | ४०,०००।- | |
| २. | पुँजिगत खर्च अन्तर्गत भैंपरी पुँजिगत खर्च शीर्षकबाट गाउँकार्यपालिकाको निर्णय बमोजिम तपसिलमा उल्लेखित योजनाहरु संचालनमा रहेकोले उक्त योजनाहरुलाई गाउँ सभाबाट अनुमोदन गर्ने निर्णय गरियो । | | | | | |
| | क) वडा नं.१ को वडा कार्यालयको पर्खाल, गाउँकार्यपालिकाको पर्खाल र अगाडीको बाटो मर्मत | - | ५,००,०००।- | - | ५,००,०००।- | |
| | ख) गाउँकार्यपालिकाको पूर्व सेड निर्माण | - | ५,००,०००।- | - | ५,००,०००।- | |
| | जम्मा | - | २५,४४,४२५।- | - | २५,४४,४२५।- | |

भोला प्रसाद कुँवर
अध्यक्ष

प्रस्ताव नं. २ सँग सम्बन्धित

## आ.व.२०७५/०७६ तेस्रो गाउँसभाबाट संशोधित तथा थपघट भई पारित भएका वडास्तरीय आयोजना

| क्र.सं. | आयोजनाको नाम | विनियोजित रकम | थप | घट | संशोधित विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | वडा नं.२ मदन जीको घर पछाडि देखि कृष्ण सोनारको घरसम्म र प्रदिप जीको घर अगाडी सम्मको नाला निर्माण, मर्मत तथा सडक ढलान | २,५०,०००।- | - | - | २,५०,०००।- | दुई योजना एउटैमा गाभिएका |
| २. | प्रसौनी गा.पा.वडा नं.४ खुटवा बथानी चौकमा हनुमान मन्दिर निर्माण | ५,००,०००।- | ३,००,०००।- | - | ८,००,०००।- | |
| ३. | वडा नं.४ अन्तर्गत गोल घरदेखि डबरीसम्मको नाला निर्माण | १,००,०००।- | ५०,०००।- | - | १,५०,०००।- | |
| ४. | वडा नं.४ अन्तर्गत नागेश्वर पंडितको घर हुँदै ट्रान्सफर्मर सम्म सडक ढलान | ५,००,०००।- | १,००,०००।- | - | ६,००,०००।- | |
| ५. | वडा नं.४"ट्रान्सफरमर हुदैं वडा कार्यालय सम्म जाने बाटो सडक ढलान" रहेकोमा उक्त स्थानमा ग्रेवल गर्ने गरी संशोधन गरिएको | २,००,०००।- | - | - | २,००,०००।- | |
| ६. | वडा नं.४"बथानी चौक र गिरधारी पंडितको घर तिर जाने बाटो सडक ढलान" शीर्षकलाई सडक ढलान समेत गरी उक्त स्थानमा अधुरो रहेको नाला मर्मत तथा कल्भर्ट निर्माण गर्ने गरी संशोधन गरिएको | ८,००,०००।- | - | - | ८,००,०००।- | |
| ७. | वडा नं.४ हरि नेपालीको घरदेखि बथानी चौक सम्म जाने बाटोको अधुरो नाला निर्माण शीर्षकमा नाला सरसफाई तथा स्लाब समेत थप गरी संशोधन गरिएको | ११,००,०००।- | - | - | ११,००,०००।- | |
| ८. | वडा नं.५ डीहटोल सदिक मियाँको घरदेखि जोखु साहको घरसम्म जाने अधुरो सडक ढलान | २,००,०००।- | ५,००,०००।- | - | ७,००,०००।- | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | वडा नं. ५ सदिक मियाँको घरदेखि दुधौरा नदीसम्म माटो पुर्ने | १,००,०००।- | १,००,०००।- | - | २,००,०००।- | |
| १०. | वडा नं.५ मा बिन्दालाल साहको घरदेखि चनर महतोको घरसम्म जाने अधुरो सडक ढलान | १,००,०००।- | ५०,०००।- | - | १५०,०००।- | |
| ११. | वडा नं.५ टेकनारायण साहको घरदेखि लाल बहादुर रामको घरसम्म जाने बाटोमा माटो पुर्ने कार्य | २,००,०००।- | - | ५०,०००।- | १५०,०००।- | |
| १२. | वडा नं. ६ चनरमन महतो को घर देखि सरस्वती ने.रा.मा.वि. जाने बाटोमा सडक ढलान | ४,००,०००।- | १,००,०००।- | - | ५,००,०००।- | |
| १३. | वडा नं. ६ महिन्द्र पडितको घर देखि पशुराम महतोको घर सम्म जाने बाटोमा सडक ढलान | १,५०,०००।- | - | १,५०,०००।- | - | |
| १४. | वडा नं.६ रामचन्द्र महतोको घर देखि हरिहर सरको घर हुदै राजकुमार महतोको घर सम्म सडक ढलान | ७,००,०००।- | - | २,००,०००।- | ५,००,०००।- | |
| १५. | वडा नं. ६ मा फरमान मियाँको घर देखि पारस महतो को पसल सम्म जाने बाटोमा माटो पुरी ग्रेवल | १,५०,०००।- | - | ५०,०००।- | १,००,०००।- | |
| १६. | वडा नं.६ मा बेलहिया देखि गोढिया टोल जाने बाटोमा माटो पुरी ग्रेवल | ४,००,०००।- | १,००,०००।- | - | ५,००,०००।- | |
| १७. | होलीका दहन हुने ठाउँको पिपल रुख वरिपरी चौतारा निर्माण | १,००,०००।- | - | १,००,०००।- | - | |
| १८. | ब्रहम्बाबा मन्दिरमा कम्पाउण्ड वाल निर्माण | २,००,०००।- | - | २,००,०००।- | - | |
| १९. | वडा नं. ६ को कृषक समुह र कृषकहरुलाई कृषि प्रविधि हस्तान्तरण | ३,००,०००।- | २,००,०००।- | - | ५,००,०००।- | |
| २०. | वडा नं. ६ अन्तर्गत रामजानकी मन्दिर बेलहियामा कम्पाउण्ड वाल निर्माण | २,००,०००।- | २,००,०००।- | - | ४,००,०००।- | |
| २१. | वडा नं. ६ अन्तर्गत सहिद कन्हैया प्रा.वि.मा फर्निचर तथा मर्मत र विधार्थीलाई पोशाक खरिद | ३,००,०००।- | - | - | ३,००,०००।- | |
| २२. | वडा नं. ६ अन्तर्गत विपन्न महिलालाई सिलाई कटाई तालिम तथा प्रविधि हस्तानान्तरण | २,००,०००।- | - | २,००,०००।- | - | |
| २३. | वडा नं. ६ अन्तर्गत चापाकल जडान | २,००,०००।- | २,००,०००।- | - | ४,००,०००।- | |
| २४. | वडा नं.६ अन्तर्गत श्री ने.रा.मा.वि.,बेलहियामा फर्निचर खरिद | - | १,००,०००।- | - | १,००,०००।- | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५. | वडा नं.१ मा हरिहर मुखियाको घरदेखि छठ घाटसम्म बाटो ढलान | ९,००,०००।- | - | १,००,०००।- | ८,००,०००।- | |
| २६. | वडा नं.१ मा खानेपानी तथा चापाकल जडान | २,००,०००।- | १,००,०००।- | - | ३,००,०००।- | |
| २७. | "द्वारिका ठाकुरको घरदेखि राजेन्द्र वकिलको घर हुँदै सर्वदेव महतोको घरसम्म जाने बाटो ढलान" लाई सशोधन गरी "द्वारिका ठाकुरको घरदेखि राजेन्द्र वकिलको घर हुँदै शशिकान्त जीको घरसम्म बाटो ढलान" गर्ने | ५५०,०००।- | - | - | ५५०,०००।- | |
| | **कुल जम्मा** | ९०,००,०००।- | २१,००,०००।- | १०,५०,०००।- | १,००,५०,०००।- | |

भोला प्रसाद गुप्ता
अध्यक्ष

प्रसौनी गाँउपालिका
गाँउकार्यपालिकाको कार्यलाय
व्यय अनुमान

**प्रस्ताव नं.३ सँग सम्बन्धित :** आ.व. ०७५।०७६ को तेस्रो गाउँसभाबाट चालु खर्चको केही बुँदाहरुमा थपघट गरी संशोधन सहित पारित

| शीर्षक | आ.व.०७५।०७६ को अनुमान | आ.व.०७५।०७६ को संशोधित अनुमान | | | ०७५/०७६ को श्रोत अनुमान | | |
|---|---|---|---|---|---|---|---|
| | | थप | घट | कुल जम्मा | नेपाल सरकार अनुदान | आन्तरिक श्रोत | प्रदेश सरकार |
| लु खर्च | ५१०००००००।०० | ३६९८०००।०० | ११००००००।०० | ५३५९८०००।०० | | | |
| पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | ११५००००० | ० | ० | ११५००००० | | | |
| कर्मचारी तलब | १४५००००० | ० | ० | १४५००००० | | | |
| अन्य भत्ता/कार्मचारी प्रोत्साहन भत्ता र बैठक भत्ता,न्यायीक समिति | ४०००००० | ० | ० | ४०००००० | | | |
| महंगी भत्ता | १०००००० | ० | ० | १०००००० | | | |
| पोषाक (कर्मचारी र जनप्रतिनिधि) | ९५०००० | ० | ० | ९५०००० | | | |
| पानी तथा विजुली | ९००००० | ५००००० | ० | १४००००० | | | |
| संचार महसुल | ८००००० | ० | ० | ८००००० | | | |
| घरभाडा | ६००००० | ० | ० | ६००००० | | | |
| अन्य भाडा | ६००००० | ९८००० | ० | ६९८००० | | | |
| इनधन पदाधिकारि तथा कर्मचारी | १५००००० | ० | ० | १५००००० | | | |
| मर्मत संभार | ५००००० | ० | ० | ५००००० | | | |
| विमा | २५०००० | ० | ० | २५०००० | | | |
| कार्यलय संचालन | २५००००० | ० | ० | २५००००० | | | |
| ईन्धन अन्य प्रयोजन | २००००० | ० | ० | २००००० | | | |
| परामर्श तथा अन्य सेवा शुल्क | ४४००००० | २०००००० | ० | ६४००००० | | | |
| कर्मचारी कल्याणकोष | ५००००० | ० | ० | ५००००० | | | |
| कार्यक्रम खर्च | २५००००० | ० | ११००००० | १४००००० | | | |
| अनुगमन मुल्यांकन खर्च | ८००००० | ० | ० | ८००००० | | | |
| दैनिक भ्रमण खर्च, कार्यक्रम भ्रमण खर्च | १५००००० | ५००००० | ० | २०००००० | | | |
| विविध | १५००००० | ६००००० | ० | २१००००० | | | |

**प्रस्ताव नं.४ सँग सम्बन्धित**

यस प्रसौनी गा.पा. को आ.व. २०७४/०७५ को सम्पुर्ण श्रेस्ताको अन्तिम लेखापरीक्षण गरी श्री महालेखा परीक्षक कार्यालय, डोर मुकाम बाराको च.नं.४७ मिति २०७५।०९।११ गतेको प्रारम्भिक प्रतिवेदनमा औंल्याईएको अनियमितता तथा बेरुजुहरुका सम्बन्धमा अनियमित देखिएको कामलाई नियन्त्रण गरी नियमित गर्ने र प्रतिवेदनमा औंल्याइएका बेरुजुलाई उल्लेखित म्यादभित्र प्रमाण तथा कागजात पेश गरी सम्परीक्षण/फछ्र्यौट गराउने तथा निर्णय बेगर संचालन भएका आयोजना/कार्यक्रमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५ सँग सम्बन्धित**

यस प्रसौनी गा.पा.को तेश्रो गाउँ सभा तयारी तथा संचालनमा खट्टिएका पदाधिकारी तथा कर्मचारीहरुलाई १ (एक) महिना बराबरको तलब भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.६ सँग सम्बन्धित**

"बाटो ढलान गर्दा न्यूनतम १० फिट भन्दा कम चौडाईको बाटोमा ढलान निर्माण कार्य गर्न बन्देज गर्ने प्रस्ताव पारित गरियो ।" लाई संशोधन गरी यस प्रसौनी गा.पा. अन्तर्गत सहायक तथा भित्रि बाटो ढलानको मापदण्ड ठाउँ र आवश्यकता अनुसार निर्धारण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.७ सँग सम्बन्धित**

प्रसौनी गा.पा.अन्तर्गत न्यायिक समितिका पदाधिकारीहरुलाई छुट्टै पोशाकको व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.८ सँग सम्बन्धित**

प्रसौनी गाउँपालिका कार्यालयबाट जग्गा नापनक्साको लागि अमिन खटी जाँदा रु.५००।- राजश्व दस्तुर रहेकोमा प्रति कित्ता जग्गा नापनक्सा कार्यमा अमिन खटी जाँदा रु.२५००।-(दुई हजार पाँच सय) राजश्व दस्तुर कायम गर्ने निर्णय गरियो साथै उक्त कार्यमा खटि जाने प्राविधिक कर्मचारीलाई प्रति दिन रु.५००।-(पाँच सय) खाना नास्ता वापत रकम दिने निर्णय गरियो ।साथै प्राविधिक शाखा अन्तर्गत कार्यरत कर्मचारीलाई रु.५,०००।-(पाँच हजार) प्रति महिना खाना नास्ता वापत रकम उपलब्ध गराउने निर्णय गरियो ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

**प्रस्ताव नं.९ सँग सम्बन्धित**

साविक गा.वि.स. प्रसौनी वडा नं.३ हाल प्रसौनी गाउँपालिका वडा नं.१ स्थित प्रसौनी स्वास्थ्य चौकी नजिक रहेको अतिक्रमण भएको सार्वजनिक जग्गा खाली गराउने निर्णय गरियो ।

भोला प्रसाद गुप्ता
अध्यक्ष

**प्रस्ताव नं.१० सँग सम्बन्धित**

गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्यालय समय बाहेक बिहान बेलुका कार्यालयको काम गरेवापत खाईपाई आएको तलब स्केलको १५ प्रतिशत रकम २०७५ साउनदेखि लागु हुने गरी प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.११ सँग सम्बन्धित**

खानेपानी चापाकल जडान उ.स.,प्रसौनी-६, बेलहियालाई प्रसौनी गा.पा.को कार्यालयको च.नं.१०१६ मिति २०७५।०३।१३ गतेको पत्रमार्फत उक्त उपभोक्त समितिको म्याद मिति २०७५।१०।१५ गतेसम्मको लागि थप गरिएकोमा उक्त योजनाको भुक्तानी भैंपरी पुँजिगत शीर्षकबाट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१२ सँग सम्बन्धित**

गाउँसभाबाट पास हुने गरी तपसिलमा उल्लेखित विधेयकहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

१. प्रसौनी गा.पा.का कर, गैर कर राजश्व उठाउने सम्बन्धी विधेयक,२०७५
२. प्रसौनी गा.पा. विपद् तथा जोखिम व्यवस्थापन विधेयक,२०७५

गाउँ कार्यपालिकाको कार्यालय प्रसौनी, बारा २ नं. प्रदेश, २०७३

**प्रस्ताव नं.१३ सँग सम्बन्धित**

यस प्रसौनी गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको लागि जीवन बिमा गर्न रु.३ लाख रकम भैंपरी पुँजिगत शीर्षकबाट विनियोजित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१४ सँग सम्बन्धित**

प्रसौनी गाउँपालिका न्यायिक समितिमा निवेदन दर्ता गराउँदा निवेदन दस्तुर रु.१००।- कायम गर्ने निर्णय गरियों ।साथै वडा समितिको कार्यालयबाट प्रमाणित हुने लिखितको लागि प्रति लिखत रु.२००।-दस्तुर कायम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१५ सँग सम्बन्धित**

प्रसौनी गाउँपालिका वडा नं.६ अन्तर्गत तपसिलमा उल्लेखित योजनाहरु केन्द्रसँग माग गर्ने निर्णय गरियो ।

- प्रसौनी गा.पा. वडा नं.६ मा रहेको श्री ने.रा.उच्च मा.वि.,बेलहियामा प्राविधिक शिक्षा कृषि जे.टी.को अनुमतिको लागि शिक्षा मन्त्रालयसँग माग गर्ने निर्णय गरियो ।
- प्रसौनी गा.पा. वडा नं.६ मा रहेको बगरी नदी अन्तर्गत संसारी माई घाट निर नदीको पानीले गर्दा आवतजावत गर्न कठीनाई हुने हुँदा सो ठाउँमा पक्की पुल निर्माण गर्न केन्द्र सरकारसँग माग गर्ने निर्णय गरियो ।
- प्रसौनी गा.पा. वडा नं.६ मा बगरी नदीमा तटबन्धन गरी कुलो नहरी निर्माणको लागि उर्जा मन्त्रालयसँग माग गर्ने निर्णय गरियो।
- प्रसौनी गा.पा. वडा नं.६ का कृषकहरुलाई खेतीपाति गर्न गाह्रो रहेको हुँदा सो ठाउँमा कृषि र कृषि विधुतिकरण गर्न विधुत, पोल तथा ट्रान्सफर्मर उर्जा मन्त्रालयसँग माग गर्ने निर्णय गरियो ।

०७५।६।२९

भोला प्रसाद गुप्ता
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
प्रसौनी, बारा
२ नं. प्रदेश, नेपाल
२०७३